## सम्वत् २०८२ साल माघ २ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरूः

१. सहसचिव, अस्मान तामाङ (कर्मचारी सङ्केत नं. १७३२३५) लाई आन्तरिक मामिला तथा कानुन मन्त्रालयको रिक्त प्रदेश सचिवको पदमा पदस्थापना गरी कामकाजमा खटाउने।

२. सामाजिक विकास मन्त्रालयः प्रदेश खेलकुद विकास बोर्डको रिक्त सदस्य-सचिव पदमा अर्को व्यवस्था नभएसम्मको लागि सामाजिक विकास मन्त्रलायमा कार्यरत उपसचिव श्री दुर्गाप्रसाद सिग्देललाई मन्त्रालयको कामकाजका अतिरिक्त बोर्डको दैनिक प्रशासनिक कामकाज गर्ने र अनिवार्य दायित्वका खर्चहरू (तलब, भत्ता, विद्युत, संचार आदि) समेत गर्ने/लेख्ने आर्थिक अधिकार सहितको जिम्मेवारी तोक्ने।

## सम्वत् २०८२ साल माघ १५ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरूः

१. मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिको बैठकबाट परिमार्जन भई पेस भएको "कोशी प्रदेश योजना आयोग (गठन तथा सञ्चालन) आदेश, २०८२" मा तपसिल बमोजिम सुधार गरी स्वीकृत गर्ने; दफा ४ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्ने,
(ख) पैतिस वर्ष उमेर पुगेको,"

२. कोशी प्रदेश कानुनी सहायता संचालन विधेयक तर्जुमा गर्ने सम्बन्धी अवधारणापत्रमा सैद्धान्तिक सहमति प्रदान गर्ने।

३. कोशी प्रदेश विधायन विधेयक आन्तरिक मामिला तथा कानुन मन्त्रीज्यूले प्रदेश सभामा पेस गर्न स्वीकृति प्रदान गर्ने।

४. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः कोशी पम्प चन्द्र नहर सिँचाई आयोजना निर्माणमा प्रयोग भएका प्रस्तावमा उल्लिखित तीनवटा सवारी साधनको कर छुट गर्ने।

५. भौतिक पूर्वाधार विकास मन्त्रालयः कोशी जनता आवास सम्बन्धी मापदण्ड सहितको कार्यविधि, २०८२ स्वीकृत गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

७. भौतिक पूर्वाधार विकास मन्त्रालयः RCIP-AF, PIU को लागि आ.व.२०८२/८३ मा चालु र पूजीँगत खर्च शीर्षकमा कार्यक्रम र बजेट विनियोजन (म्याचिङ फण्ड) जम्मा रु बाह्र करोड चौरहत्तर लाख छपन्न हजार मात्र रकम भौतिक पूर्वाधार विकास मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयको समन्वयमा आवश्यक व्यवस्था गर्न सहमति प्रदान गर्ने।

८. नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम कोशी प्रदेश सभाको आठौं अधिवेशन मिति २०८२।१०।२५ गते आइतवार दिनको २:०० बजे विराटनगर महानगरपालिका वडा नं. ७ स्थित वीरेन्द्र सभागृहमा आह्वान गर्न माननीय प्रदेश प्रमुखज्यूलाई सिफारिस गर्ने।"

## सम्वत् २०८२ साल माघ २९ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:

१. प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयकलाई मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेश गर्ने।

२. आयोजना छनौट तथा वर्गीकरण र आयोजना बैङ्क व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ लाई मन्त्रिपरिषद्, आर्थिक, सामाजिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने।

३. आर्थिक वर्ष २०८३/८४ मा प्रदेशबाट कार्यान्वयन गरिने समपूरक र विशेष अनुदान अन्तर्गतका आयोजना वा कार्यक्रम राष्ट्रिय योजना आयोगले निर्धारण गरेको विद्युतीय प्रणालीमा प्रविष्ट गर्ने।

४. Smooth Transition Strategy को कार्यान्वयनको लागि मा. मुख्यमन्त्रीज्यूको अध्यक्षतामा प्रदेश स्तरिय LDC Graduation कार्यान्वयन समिति गठन गर्ने।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*